हाम्रो श्रम किन कम?

# मर्यादित श्रमको सन्दर्भमा ज्याला ठगीको अवस्था

## अनौपचारिक श्रम क्षेत्रमा ज्याला ठगी: व्यापकता, संरचना र संस्थागत असफलता

२०२६ | नेपाल



**तस्बिर सम्वन्धी सूचना:** यस प्रकाशनमा प्रयोग गरिएघाका तस्बिरहरुले अनिवार्य रूपमा अध्ययनमा समावेश उत्तरदाता वा ज्याला ठगीका वास्तविक घटनहरूेलाई प्रतिनिधित्व गर्देननू। तस्बिरहरू सन्दर्भात्मक तथा सांकेतिक प्रयोजनका लागि मात्र प्रयोग गरिएको हो।

सर्वेक्षण अवधि: मार्च–मे २०२६

actionaid

प्रतिलिपि अधिकार © एक्सनएड अन्तर्राष्ट्रिय नेपालमा निहित छ।

# सारांश


यो अध्ययन संक्षेप नेपालको निर्माण, कृषि, घरेलु काम, इरट्टा भट्टा तथा अन्य अनौपचारिक क्षेत्रमा कार्यरत १३ जिल्लाहरू (बर्दिया, सुर्खेत, कञ्चनपुर, डोटी, डडेल्धुरा, कपिलवस्तु, चितवन, मकवानपुर, बारा, पर्सा, महोत्तरी, धादिङ र काठचार्डी) का ३६१ श्रमिकहरूमा आधारित सर्वेक्षणमा तयार गरिएको हो। सनू २०२६ को मार्च देखि मे सम्ममा गरिएको यस अध्ययनमा महिलाहरू ५३.५% (n=१९३) र पुरुषहरू ४६.५% (n=१६८) संलग्न रहेका थिए।

अध्ययनले ज्याला ठगीको व्यापकता, रूप, संरचनागत कारण र उवुरी संयन्त्रको प्रभावकारिताको विश्लेषण गर्दछ।

निष्कर्षहरूले देखार्उन्छनू कि ज्याला ठगी–अर्थातू श्रम गरेर आर्जित गरेको पारिश्रमिक मैरकानुनी रुपमा रोक्नु, ज्याला कम दिनु, ज्याला ढिला दिनु नेपालको अनौपचारिक श्रम बजारमा कुनै नौलो होइन।

यो एक संरचनागत समस्या हो, जसलाई कानुनी व्यवस्था, न्यायिक प्रक्रिया र संस्थागत निकायहरूको प्रभावकारी हस्तक्षेपको अभावले अक्र गम्भीर बनाएको छ।




**तस्बिर सम्बन्धी सूचना:** यस पुस्तिकामा प्रयोग गरिएका तस्बिरहरूले अनिवार्य रुपमा अध्ययनमा समावेश उत्तरदाता वा ज्याला ठगीका वास्तविक धटनाहरूलाई प्रतिनिधित्व गर्दैननू। तस्बिरहरू सन्दर्भात्मक तथा सांकेतिक प्रयोजनका लागि मात्र प्रयोग गरिएको हो।

### अध्ययन क्षेत्र

| | |
|---|---|
| **३६१** सर्वेक्षण श्रमिक | **१३** जिल्ला |
| **५३.५%** महिला | **४६.५%** पुरुष |

## अध्ययन सन्दर्भ

नेपालको श्रम बजारको ठूलो हिस्सा अनौपचारिक क्षेत्रमा आधारित छ। श्रम ऐन, २०७४ ले न्यूनतम ज्याला, समयमा भुक्तानी र लिखित रोजगारी सम्झौताको व्यवस्था गरेको भए तापनि अनौपचारिक क्षेत्रमा यसको कार्यान्वयन अत्यन्त कमजोर रहेको छ। ज्याला विभेदसम्बन्धी तथ्याङ्क विरलै संकलन हुन्छ र धेरै श्रमिकहरूको अनुभव त परको कुरा, श्रमिकहरूको आफ्नो पहिचानसमेत औपचारिक रुपमा कतै दर्ता समेत नहुने गरेको अवस्था पाइएको छ।

यस अध्ययनले यही खालीपनलाई सम्बोधन गर्ने प्रयास गरेको छ, विशेषगरी निर्माण, कृषि, घरेलु काम र इरट्टा भट्टा क्षेत्रमा दैनिक विभिन्न जोखिम र विभेद सहेर काम गर्ने श्रमिकहरूको अनुभवलाई केन्द्रमा राखेर अध्ययन गरेको छ। यसले ज्याला ठगीका ढाँचाहरू, श्रमिकहरूमा पर्ने लिंगिक र क्षेत्रगत प्रभावका फरकहरू, र न्याय प्राप्तिमा अवरोध गर्ने संरचनागत कारणहरू पहिचान गरेको छ।

# मेहेनतको मूल्य, श्रमिकको अधिकार

## ज्याला ठगी अन्त्यका लागि तथ्यमा आधारित अध्ययन



तस्बिर सम्बन्धी सूचना:  यस प्रकाशनमा प्रयोग गरिएका तस्बिरहरूले अनिवार्य रूपमा ज्याला ठगीबाट प्रभावित श्रमिक वा अध्ययनमा सहभागी व्यक्तिहरूको वास्तविक अवस्था तथा प्रतिनिधित्व जनाउँदैनन्| तस्बिरहरू विषयवस्तुको सान्दर्भिकता देखाउन तथा दृश्यात्मक प्रस्तुतीकरणका लागि मात्र प्रयोग गरिएको हो|

## प्रमुख परिभाषाहरु

### अनौपचारिक श्रम

कानुनी सुरक्षा, लिखित सम्झौता वा सामाजिक सुरक्षाविना गरिने श्रम। नेपालको श्रम बजारको ठूलो हिस्सा यसैमा आधारित छ।

### बाध्यकारी श्रम

श्रमिकले स्वतन्त्र रूपमा काम छनोट गर्न वा ज्याला तोकन नसक्ने अवस्था। ILO का बाध्यकारी श्रम सूचकहरूसँग मेल खाने अवस्थाा।

### ज्याला ठगी

सहमत वा कानुनी दरभन्दा कम, ढिलो वा शून्य भुक्तानी। यस अध्ययनमा यी तीनवे अवस्थालाई ज्याला ठगीका रूपमा परिभाषित गरिएको छ।

### बिचौलिया

श्रमिक र मुख्य रोजगारदाताबीच मध्यस्थता गर्न व्यक्ति वा संस्था। यस संरचनाले जवाषदेहिता कमजोर बनाउँछ र शोषणको जोखिम बढाउँछ।

## अनुसन्धान विधि

**1 डेटा संकलन**

- संरचित प्रश्नावली
- १३ जिल्ला
- ३६१ श्रमिक
- निर्माण, कृषि, घरेलुकाम र ईंटा भट्टा

**2 ज्याला ठगीको विश्लेषण**

- ज्याला नपाउनु
- ढिलो भुक्तानी
- कम ज्याला

**3 बाध्यकारी श्रमका सूचक**

- काम छनोट स्क्तन्त्रता
- सौदाबाजी क्षमता
- पूर्ण ज्याला प्राप्ति

**4 उजुरी तथा संस्थागत संयन्त्र**

- उजुरी प्रक्रिया
- कागजातको अवस्था
- संस्थागत कमजोरी

## अध्ययनको दायरा

| ३६१ | १३ | ४ |
|---|---|---|
| सर्वेक्षण श्रमिक | जिल्ला | प्रमुख अनौपचारिक क्षेत्र |

- निर्माण
- कृषि
- घरेलुकाम
- ईंटा भट्टा

**तथ्य सम्वन्धी सूचना:** यस पुस्तिकामा प्रयोग गरिएका तथ्याङ्कहरु अनिवार्य रुपमा अध्ययनमा समावेश उत्तरदाता वा ज्याला ठगीका वास्ततिक घटनाहरूलाई प्रतिनिधित्त गर्दैननू। तथ्याङ्कहरु सन्दर्भात्मक तथा सांकेतिक प्रयोजनका लागि मात्र प्रयोग गरिएको हो।

# प्रमुख तथ्याङ्क: नतिजा एक नजरमा

निष्कर्षहरूले देखाउँछन् कि ज्याला ठगी नेपालको अनौपचारिक श्रम बजारमा संरचनागत समस्या हो।

३६१
१३ जिल्लाका सर्वेक्षण श्रमिक

०
उजुरीमार्फत ज्याला फिर्ता पाएको

६६.२%
ज्याला नै नपाएको

९३.१%
लिखित सम्झौता नभएको

८९.२%
औपचारिक उजुरी नगरेका

७३.४%
आंशिक ज्याला मात्र प्राप्त गर्ने

४१.०%
काम न छान्न सक्ने तथा ज्याला तोक्न नसक्ने

६७.३%
परिवारमा अन्य कुनै आय स्रोत नभएको

**ज्याला भुक्तानीको अवस्था**

- ७३.४% श्रमिकले आंशिक मात्र ज्याला प्राप्त गरेका छन्
- ६६.२% श्रमिकले पूर्ण रूपमा ज्याला प्राप्त गरेका छैनन्
- २४.९% ले ढिलो भुक्तानी पाएका छन्
- १८.०% ले सहमत दरभन्दा कम ज्याला पाएका छन्

**कागजात र उजुरीको अवस्था**

- ९५.०% श्रमिकलाई नगदमा ज्याला दिइन्छ
- ९३.1% सँग लिखित सम्झौता छैन
- ६७.६% सँग हाजिरी अभिलेख छैन
- ८९.२% ले औपचारिक उजुरी गरेका छैनन्

# प्रमुख निष्कर्षहरू

## १. ज्याला ठगी अनौपचारिक श्रम क्षेत्रमा व्याप्त छ र यसका विभिन्न रूपहरू छन्।

**कुल ३६१ श्रमिकहरूमा अनुमानित ठगी भएको ज्याला: रु ९५,६७,५००**

- ७३.४% श्रमिकले आंशिक मात्र ज्याला प्राप्त गरेका छन्।
- ६६.२% श्रमिकले पूर्ण रूपमा ज्याला प्राप्त गरेका छैनन्।
- २४.९% ले ढिलो भुक्तानी पाएका छन्।
- १८.०% ले सहमत दरभन्दा कम ज्याला पाएका छन्।
- ७३.४% श्रमिकले आंशिक मात्र ज्याला प्राप्त गरेका छन्।

माथिका अवस्थाहरू प्राय: एकैसाथ देखिन्छन्। साथै, यसले श्रमिकहरूलाई आर्थिक रूपमा कमजोर र निर्भर अवस्थामा राख्ने तथा ज्याला नियमित रूपमा नदिने संरचनागत प्रवृत्ति रहेको संकेत गर्छ।

# प्रमुख निष्कर्षहरू

## २. महिलाहरूले बहुआयामिक शोषणहरु एकै चोटी सामना गर्छन्।

- पुरुषहरू (८.९%) को तुलनामा महिलाहरू (३१.१%) ले कम ज्याला पाउने अवस्थामा ३.५ गुणा बढी प्रभावित छन्।
- ६३.७% महिलाले रोजगारदाता स्वतन्त्र रूपमा छनोट गर्न सक्दैनन् जुन पुरुष (२८.६%) को तुलनामा झण्डै २.२ गुणा बढी हो।
- साथै, ३०.२% महिलाले डरका कारण उजुरी नगर्ने गरेकोबताएका छन्, जुन पुरुषहरूको १३.६% भन्दा झण्डै दोब्बर हो।

---

## ३. ४१% श्रमिकमा बाध्यकारी श्रमका संकेतहरू देखिन्छन्।

- ४१.०% श्रमिक न त रोजगारदाता छनोट गर्न सक्छन् न त ज्याला तोक्न सक्छन्

ज्याला ठगी र नियन्त्रणका संकेतहरूसँग जोड्दा, यी अवस्थाहरू अनौपचारिक श्रमभन्दा बाहिर गई ILO का बाध्यकारी श्रम सूचकहरूसँग मेल खाने देखिन्छन्।

---

## ४. ठेकेदारहरू प्रमुख रोजगारदाता र उच्च शोषणको केन्द्र हुन्।

- ५७.३% श्रमिकले ठेकेदारमार्फत ज्याला प्राप्त गर्छन्
- ठेकेदारमार्फत काम गर्ने श्रमिकहरूमा लिखित सम्झौताको दर: ६.९%
- बिचौलियामार्फत जोडिएका श्रमिकहरूमा लिखित सम्झौता दर: ०%

ठेकेदारमार्फत काम गर्ने श्रमिकहरूमा ज्याला ठगीको गम्भीरता सबैभन्दा बढी छ, लिखित सम्झौताको दर सबैभन्दा न्यून (६.९%) छ, र भुक्तानी प्रायः कागजातविहीन नगदमा हुन्छ।

---

## ५. औपचारिक उजुरी प्रणाली कागजमा मात्र सीमित छ, व्यवहारमा लगभग निष्क्रिय छ।

- १०.८% श्रमिकले उजुरी दर्ता गरेका छन्। तीमध्ये ६६.७% को कुनै प्रगति भएको छैन, २३.१% अझै प्रक्रियामा छन्, र १०.८% लाई आफ्नो उजुरीको अवस्था थाहा छैन।

कुनै पनि श्रमिकले ज्याला फिर्ता पाएका छैनन्। उजुरीहरू प्रायः श्रम कार्यालयमा नभई जिल्ला प्रशासन कार्यालय वा न्यायिक समितिमा पुगेका छन्।

---

## ६. कागजातको अभावले शोषणलाई अदृश्य बनाउँछ।

- ९५.०% श्रमिकलाई नगदमा ज्याला दिइन्छ, जसले भुक्तानीको कुनै प्रमाण छोड्दैन।
- ९३.१% सँग लिखित सम्झौता छैन।
- ६७.६% सँग हाजिरी अभिलेख छैन।

कागजातको अभावमा श्रमिकहरूले आफ्नो काम, ज्याला सम्झौता वा भुक्तानी नपाएको कुरा प्रमाणित गर्न सक्दैनन्, जसले रोजगारदातालाई लगभग कुनै जोखिम नहुने अवस्था सिर्जना गर्छ।

# लैंगिक असमानता र सबैभन्दा जोखिममा रहेका समूहहरू

महिला र पुरुषले ज्याला ठगीको अनुभव केवल मात्रामा होइन, यसको प्रकार र स्वरूपमा पनि फरक तरिकाले गर्छन्। पुरुषहरू (८.९%) को तुलनामा महिलाहरू (३१.१%) ले कम ज्याला पाउने अवस्थामा ३.५ गुणा बढी प्रभावित छन्। ६३.७% महिलाले रोजगारदाता स्वतन्त्र रूपमा छनोट गर्न सक्दैनन् जुन पुरुष (२८.६%) को तुलनामा झण्डै २.२ गुणा बढी हो। साथै, ३०.२% महिलाले डरका कारण उजुरी नगर्ने गरेको बताएका छन्, जुन पुरुषहरूको १३.६% भन्दा झण्डै दोब्बर हो।

## महिला र पुरुषको बिचको ज्याला भिन्नता

| सूचक | महिला | पुरुष |
|---|---|---|
| सहमत भएको भन्दा कम ज्याला | ३१.1% | ८.९% |
| स्वतन्त्र रूपमा काम छनोट गर्न नसक्ने | ६३.७% | २८.६% |
| ज्याला बारे छलफल वा सौदाबाजी गर्न नसक्ने | ५९.१% | ३०.४% |
| डरलाई उजुरी नगर्नुको कारणका रूपमा उल्लेख गर्ने | ३०.२% | १३.६% |
| बिचौलियामार्फत काम गर्ने | २९.०% | १६.१% |



तस्बिर सम्बन्धी सूचना: यस प्रकाशनमा प्रयोग गरिएका तस्बिरहरूले अनिवार्य रूपमा ज्याला ठगीबाट प्रभावित श्रमिक वा अध्ययनमा सहभागी व्यक्तिहरूको वास्तविक अवस्था तथा प्रतिनिधित्व जनाउँदैनन्। तस्बिरहरू विषयवस्तुको सान्दर्भिकता देखाउन तथा दृश्यात्मक प्रस्तुतीकरणका लागि मात्र प्रयोग गरिएको हो।

## सबैभन्दा जोखिममा रहेका समूहहरू

| समूह | प्रतिशत | प्रमुख जोखिम |
|---|---|---|
| न्यून सीपयुक्त श्रमिक | ४७.६% | कमजोर सौदाबाजी शक्ति, वैकल्पिक रोजगारीको कमी |
| मौसमी श्रमिक | २९.४% | उजुरी प्रणालीबाट भौगोलिक रूपमा टाढा |
| अन्य आय नभएका श्रमिक | ६७.३% | उजुरी गर्न आर्थिक जोखिम लिन नसक्ने अवस्था |
| अपाङ्गता भएका श्रमिक | ३.३% | उजुरी नगरेका; प्रणालीबाट पूर्ण रूपमा बहिष्कृत |
| बिचौलियामार्फत जोडिएका श्रमिक | १५.५% | लिखित सम्झौता नभएको, उच्च जबर्जस्ती जोखिम |

# उजुरी प्रणाली, कागजातको अभाव र संस्थागत निष्क्रियता

### निष्कर्ष ५: औपचारिक उजुरी प्रणाली कागजमा मात्र सीमित छ, व्यवहारमा लगभग निष्क्रिय छ।

- १०.८% श्रमिकले उजुरी दर्ता गरेका छन्
- ६६.७% को कुनै प्रगति भएको छैन
- २३.१% अझै प्रक्रियामा छन्
- १०.८% लाई आफ्नो उजुरीको अवस्था थाहा छैन

**0%** श्रमिकले उजुरीमार्फत ज्याला फिर्ता पाएका छन्

कुनै पनि श्रमिकले ज्याला फिर्ता पाएका छैनन्। उजुरीहरू प्रायः श्रम कार्यालयमा नभई जिल्ला प्रशासन कार्यालय वा न्यायिक समितिमा पुगेका छन्।

### निष्कर्ष ६: कागजातको अभावले शोषणलाई अदृश्य बनाउँछ।

**९५.०%** श्रमिकलाई नगदमा ज्याला दिइन्छ

**९३.१%** सँग लिखित सम्झौता छैन

**६७.६%** सँग हाजिरी अभिलेख छैन

कागजातको अभावमा श्रमिकहरूले आफ्नो काम, ज्याला सम्झौता वा भुक्तानी नपाएको कुरा प्रमाणित गर्न सक्दैनन्, जसले रोजगारदातालाई लगभग कुनै जोखिम नहुने अवस्था सिर्जना गर्छ।

## श्रमिकहरूले किन उजुरी गर्दैनन्?

| कारण | संख्या (n) | प्रतिशत |
|---|---|---|
| प्रक्रियाको जानकारी नहुनु | १८४ | ५७.१% |
| रोजगारदाताको डर/दबाब | ६२ | १९.३% |
| अन्य कारणहरू | ४४ | १३.७% |
| प्रक्रिया अत्यन्त जटिल | २१ | ६.५% |
| समय नहुनु | ११ | ३.४% |

**८९.२% श्रमिकले उजुरी नगर्नु उनीहरूको निष्क्रियता होइन; उजुरी गर्दा धेरै जोखिम हुने र विकल्प कम हुने अवस्थामा उनीहरूले सोचेर गरेको व्यावहारिक निर्णय हो।**

# छ वटा संरचनागत विषयक्षेत्रहरू

व्यक्तिगत निष्कर्षहरूलाई समग्र रूपमा हेर्दा, तथ्याङ्कले स्पष्ट संरचनागत ढाँचा देखाउँछ। यो कुनै एक रोजगारदाता वा निश्चित क्षेत्रको मात्र समस्या होइन, बरु नेपालको अनौपचारिक श्रम बजारको संस्थागत र कष्टकर यथार्थ हो।

**१. शोषणको संरचनाका रूपमा अनौपचारिकता**
सम्झौता, हाजिरी अभिलेख र डिजिटल भुक्तानीको अभाव संयोग होइन, बरु यो शोषणलाई कानुनी रूपमा अछुतो र पहिचान गर्न नसकिने बनाउने संरचनागत संयन्त्र हो। यस अवस्थाले रोजगारदातालाई लगभग कुनै पनि लेखापरीक्षण वा जवाफदेहिताको जोखिम नहुने बनाउँछ।

**२. न्यायमा पहुँचका लैंगिक बाधाका रूपमा डर र जबर्जस्ती**
उजुरी नगर्ने श्रमिकमध्ये १९.३% ले डर र दबाबलाई मुख्य कारण बताएका छन्। महिलाहरूमा यो दर ३०.२% छ, जुन पुरुषहरू (१५%) को तुलनामा झण्डै दोब्बर हो।

**३. शोषणको प्रमुख माध्यमका रूपमा ठेकेदार–बिचौलिया संरचना**
ठेकेदार (५७.३%) र बिचौलिया (१५.५%) मार्फत काम गरिने व्यवस्थाले मुख्य रोजगारदातालाई जिम्मेवारीबाट टाढा राख्छ। यसले शोषणलाई ज्याला शृंखलाको सबैभन्दा कमजोर तहमा केन्द्रित गर्छ।

**४. अनौपचारिक रोजगारीभन्दा बाहिर बाध्यकारी श्रमका अवस्थाहरू**
४७.४% श्रमिकले स्वतन्त्र रूपमा काम छनोट गर्न सक्दैनन् र ४५.७% ले आफ्नो ज्याला तोक्न वा छलफल गर्न सक्दैनन्। यीमध्ये ४१.०% श्रमिक दुवै सूचकमा एकैसाथ प्रभावित छन्।

**५. संस्थागत निष्क्रियता**
उजुरी दर्ता गरेपछि पनि श्रमिकहरूले प्रायः कुनै नतिजा पाउँदैनन्। त्यसैले धेरै श्रमिकहरूले यस्तो काम नगर्ने प्रणालीमा उजुरी नगर्ने निर्णय गर्छन्, जुन उनीहरूको व्यावहारिक र तर्कसंगत प्रतिक्रिया हो।

**६. आंशिक भुक्तानीमार्फत ज्याला ठगीको सामान्यीकरण**
७३.४% श्रमिकले पूरा ज्याला पाएका छैनन्। रोजगारदाताद्वारा जानाजानी केही ज्याला रोक्ने प्रवृत्तिले श्रमिकलाई काम छोड्न नसक्ने गरी निर्भर बनाइराख्छ।

# अध्ययनका सीमितताहरू

- आत्म–विवरण (Self-reporting): तथ्याङ्क मुख्यतः श्रमिकहरूको आफ्नै भनाइमा आधारित भएकाले अनुभवहरूको प्रस्तुतीकरणमा केही हदसम्म बढाइचढाइ वा न्यूनिकरण हुने सम्भावना रहन्छ। तथापि, यसले श्रमिकहरूको वास्तविक अनुभव र धारणा बुझ्न महत्त्वपूर्ण योगदान दिएको छ।
- नमुना छनोट (Purposive Sampling): अध्ययनमा अनियमित (random) नभई उद्देश्यपूर्ण रूपमा नमुना चयन गरिएको हुँदा, निष्कर्षहरू सबै श्रमिकहरूको पूर्ण प्रतिनिधित्वका रूपमा होइन, तर अध्ययन गरिएको सन्दर्भभित्रको प्रवृत्ति (patterns) का रूपमा बुझिनुपर्छ।
- स्मरण पूर्वाग्रह (Recall bias): विगतका ज्याला सम्बन्धी अनुभवहरू स्मरणमा आधारित भएकाले केही विवरणहरूमा त्रुटि वा अस्पष्टता रहने सम्भावना रहन्छ।
- क्षेत्रगत दायरा (Scope Limitation): अध्ययन चार अनौपचारिक क्षेत्रहरू (निर्माण, कृषि, घरेलु काम र इँटा भट्टा) मा मात्र केन्द्रित भएकाले निष्कर्षहरू लाई अन्य श्रमका क्षेत्रमा सामान्यीकरण गर्न गाह्रो हुनसक्छ।


**राष्ट्रिय कार्यालय**
**एक्सनएड अन्तर्राष्ट्रिय नेपाल**

**अप्सरा मार्ग, लाजिम्पाट, वडा नं. ३, काठमाडौँ, नेपाल**

पो. ब. नं. ६२५७

फोन: +९७७ (०१) ४००२२७७

इमेल: mail.nepal@actionaid.org

वेबसाइट: https://nepal.actionaid.org/

**हामीसँग जोडिनुहोस्:**

एक्सनएड नेपाल

@actionaidnepal

@ActionAidNepal1982

एक्सनएड नेपाल

@actionaidnep